प्रदेश सरकार
प्रदेश नं. ५
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
बुटवल,

**कृषि तथा पशुपन्छी सम्बन्धी अभियानमुखी (मिसन) कार्यक्रम सञ्चालन कार्यविधि, २०७६**

**प्रस्तावना:** कृषि तथा पशुपालन व्यवसाय अन्तर्गत पर्ने अत्याधिक नाफामुखी लसुन/प्याज, कागती/सुन्तला खेती तथा बाखा र बंगुर पालन जस्ता कृषि व्यवसायमा आकर्षण बढाई व्यावसायिक बनाउदै उत्पादन देखि बजारीकरण सम्मका कार्यक्रमहरूलाई अभियानका रूपमा सञ्चालन गर्ने उद्देश्यले प्रदेश नं ५, प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ को दफा २ ले दिएको अधिकार प्रयोग गरी प्रदेश सरकारले "कृषि तथा पशुपन्छी सम्बन्धी अभियानमुखी (मिसन) कार्यक्रम सञ्चालन कार्यविधि, २०७६" बनाई लागू गरेको छ।

**परिच्छेद-१**

**प्रारम्भिक**

१. **संक्षिप्त नाम र प्रारम्भ:** (१) यस कार्यविधिको नाम "कृषि तथा पशुपन्छी सम्बन्धी अभियानमुखी (मिसन) कार्यक्रम सञ्चालन कार्यविधि, २०७६" रहेको छ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

(३) यो कार्यविधि प्रदेश नं ५ भर लागू हुनेछ।

२. **परिभाषा:** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :-

(क) "अनुदान" भन्नाले यस कार्यविधि अनुरुप सञ्चालन गरिने कार्यक्रमहरुको लागि कार्यालयबाट उपलब्ध गराईने रकम र प्राविधिक सेवा समेतलाई सम्झनु पर्छ।

(ख) "अनुदानग्राही" भन्नाले यस कार्यविधि बमोजिम अनुदान प्राप्त गर्ने कृषक/फार्म/कम्पनी/कृषक समूह/सहकारी संस्था/जल उपभोक्ता समितिलाई सम्झनु पर्छ।

(ग) "अभियानमुखी कृषि क्षेत्र" भन्नाले यस कार्यक्रमबाट सम्बोधन हुने बाखा/बगुंर/लसुन/प्याज/सुन्तला/कागतीले ओगट्ने कमाण्ड क्षेत्रलाई सम्झनु पर्छ।

(घ) "कम्पनी" भन्नाले कृषि व्यवसाय गर्न चाहने व्यक्ति वा समूहले प्रचलित कम्पनी कानून अनुरुप दर्ता भएका संस्थालाई सम्झनु पर्छ।

(ङ) "कार्यक्रम" भन्नाले लसुन/प्याज मिसन, कागती/सुन्तला मिसन, बाखा मिसन र बंगुर मिसन कार्यक्रम मध्ये कुनै एक कार्यक्रमलाई सम्झनु पर्छ।

(च) "कार्ययोजना" भन्नाले सहकार्यमा कार्यक्रमहरु सञ्चालन गर्नको लागि आवश्यकता अनुसार साझेदारले पेश गरेको विस्तृत क्रियाकलाप, लागत अनुमान, समायावधि, जिम्मेवार पक्ष सहितको विवरणलाई सम्झनु पर्छ।

सचिव

प्रदेश सरकार
प्रदेश नं. ५
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

(छ) "कार्यालय" भन्नाले प्रदेश सरकार, प्रदेश नं ५ भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय अन्तर्गतको कृषि ज्ञान केन्द्र वा भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रलाई सम्झनु पर्छ।

(ज) "कृषक" भन्नाले कृषि तथा पशुपन्छी, बाली तथा बस्तु उत्पादनमा प्रत्यक्ष संलग्न भएको व्यक्तिलाई सम्झनु पर्छ।

(झ) "कृषक समूह" भन्नाले कृषि पेशामा संलग्न भई मिल्दाजुल्दा समस्या, आवश्यकता र चाहनाहरु भएका न्यूनतम् १५ वा सो भन्दा बढी व्यक्तिहरु मिलेर सामूहिक प्रयत्नद्वारा कृषि क्षेत्रमा साझा उद्देश्यहरु प्राप्त गर्न स्थापना भई आधिकारिक निकायमा दर्ता भएको संस्थालाई सम्झनु पर्छ ।

(ञ) "पशु संकलन केन्द्र" भन्नाले बाखा मिसन लागू भएको क्षेत्रका बाखा पालक कृषकहरुले उत्पादन गरी बेचबिखन गर्न योग्य भएका खसी/बोका/बाखाहरुलाई एक स्थानमा जम्मा गरी बिक्रीवितरण गर्न सहज बनाउने उद्देश्यले निर्माण र सञ्चालन गरिने केन्द्रलाई सम्झनु पर्छ।

(ट) "फार्म" भन्नाले कृषि तथा पशुपालन सम्बन्धी निजी क्षेत्रका व्यवसायीबाट कम्पनी रजिस्ट्रारको कार्यालय वा घरेलु तथा साना उद्योग विभाग वा वाणिज्य विभागमा दर्ता भएको संस्थालाई सम्झनु पर्छ।

(ठ) "निर्देशनालय" भन्नाले कृषि विकास निर्देशनालय वा पशुपन्छी तथा मत्स्य विकास निर्देशनालयलाई सम्झनु पर्छ।

(ड) "मन्त्रालय" भन्नाले प्रदेश सरकार, प्रदेश नं. ५ को भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयलाई सम्झनु पर्छ।

(ढ) "महाशाखा" भन्नाले भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय अन्तर्गतका महाशाखाहरु सम्झनु पर्छ।

(ण) "समिति" भन्नाले दफा १३ र २४ मा व्यवस्था भएको कार्यक्रम व्यवस्थापन समितिलाई सम्झनु पर्छ।

(त) "सहकारी" भन्नाले सम्बन्धित सरकारी निकायमा दर्ता भई नियमानुसार कार्य गर्दै आएको संस्थालाई सम्झनु पर्छ।

(थ) "साझेदार" भन्नाले मिसन कार्यक्रममा सहभागी हुन ईच्छुक कृषकहरुलाई सम्झनु पर्छ।

(द) "साझेदारी" भन्नाले मिसन कार्यक्रम सञ्चालनमा संलग्न हुने साझेदारहरूको सहकार्यलाई जनाउँदछ।



सचिव

(ध) "स्थानीय तह" भन्नाले उप-महानगरपालिका, नगरपालिका तथा गाउँपालिकालाई सम्झनु पर्छ।

३. <u>कार्यक्रमको उद्देश्य:</u> यस कार्यक्रमका उद्देश्यहरु देहायबमोजिम रहेकाछन् :-

(क) उन्नत तथा आधुनिक प्रविधि अवलम्वन गरी व्यावसायिक रूपमा बाख्रा, बंगुर, कागती, सुन्तला, प्याज र लसुनको उत्पादन र उत्पादकत्व बढाई आयात प्रतिस्थापन गर्ने,

(ख) बाख्रा, बंगुर, कागती, सुन्तला, लसुन र प्याजको मूल्य श्रृंखला अभिवृद्धि गर्ने,

(ग) अभियानमुखी कृषि कार्यक्रम मार्फत युवालाई आकर्षित गराई स्वरोजगार सिर्जना गर्ने,

(घ) खाद्य तथा पोषण सुरक्षा तथा गरिबी निवारणमा टेवा पुऱ्याउने।

## परिच्छेद-२

## कार्यक्रममा संलग्न सरोकारवालाको भूमिका

४. <u>अनुदानग्राहीको भूमिका</u> : अभियानमुखी कृषि कार्यक्रममा अनुदानग्राहीको भूमिका देहायबमोजिम हुनेछ :-

(क) कार्यक्रम सञ्चालन र प्रवर्धनको लागि श्रोत व्यवस्थापन एवं परिचालनमा स्थानीय तहसँग समन्वय र सहकार्य गर्ने,

(ख) अन्य सरकारी तथा गैर सरकारी संघ संस्थाहरुसँग आवश्यकता अनुसार समन्वय र सहकार्य गर्न सक्ने,

(ग) उत्पादित बस्तुको बजारीकरणको आवश्यक व्यवस्था मिलाउने,

(घ) अनुदानग्राहीले स्वीकृत कार्ययोजना बमोजिम कूल लागतको कम्तिमा २५% योगदान गर्नुपर्ने,

(ङ) कार्यक्रम सञ्चालनका लागि दिईने अनुदान रकम स्वीकृत कार्ययोजना बमोजिम खर्चको व्यवस्था मिलाउने,

(च) उत्पादकत्व अभिवृद्धिका साथै गुणस्तर व्यवस्थापनमा पनि जोड दिने,

(छ) आफ्नो क्षेत्रको आसपासमा रहेका अन्य बाली वस्तुका विशेष कृषकहरुलाई स्थलगत तालिम उपलब्ध गराउने व्यवस्था गर्ने,

(ज) फार्मको आसपासमा रहेका अन्य फार्महरुका बाख्रा/बगुंरहरुलाई समेत अनिवार्य खोप लगाउने व्यवस्था गर्ने,

(झ) कार्यालयमा वार्षिक प्रगति विवरण पठाउनु पर्ने र कार्यालयले आवश्यक ठानेमा कार्यक्रम कार्यान्वयनको प्रस्तुतीकरण गर्ने,

(ञ) कम्तिमा वर्षमा एकपटक सरोकारवालाहरु बीच कार्यक्रमको सार्वजनिक सुनुवाई गर्ने,



सचिव

(ट) स्वीकृत वार्षिक कार्ययोजना अनुरुप कार्यक्रम सञ्चालन गर्ने सम्पूर्ण जिम्मेवारी अनुदानग्राहीको हुनेछ र कुनै समस्याहरु आइपरेमा कार्यालयसँग समन्वय गरी कार्य गर्ने।

५. <u>स्थानीय तहको भूमिका</u> : स्थानीय तहको भूमिका देहायबमोजिम हुनेछ :-

(क) कार्यक्रम सञ्चालन गरिने क्षेत्रमा समूह/सहकारी/फार्मको नियमानुसार दर्ता गर्ने,

(ख) स्थानीय तह भित्र सञ्चालन भएका कार्यक्रमहरुको अनुगमन मूल्याङ्कन गरी आवश्यक सुझाव दिने,

(ग) कार्यक्रमहरुको उपलब्धिमूलक कार्यान्वयनका लागि सहजीकरण गर्ने,

(घ) कार्यक्रम सञ्चालनमा लगानी तथा प्राविधिक सहयोग गर्ने।

६. <u>कार्यालयको भूमिका</u> : कार्यालयको भूमिका देहायबमोजिम हुनेछ :-

(क) कार्यविधिमा व्यवस्था भए अनुसार अभियानमुखी कृषि क्षेत्र छनौट गर्न समन्वय तथा सहजीकरण गर्ने,

(ख) कृषक/समूह/सहकारी/फार्म/कम्पनीलाई कार्यक्रमको उद्देश्य तथा जिम्मेवारी सम्बन्धमा अभिमुखीकरण गर्नेछ। प्राविधिक सेवा टेवाको कार्यक्रम कार्यान्वयन गरी उत्पादकलाई अनुदान रकम उपलव्ध गराई सहयोग गर्ने,

(ग) कार्यक्रम सञ्चालनका लागि छनौट भएको क्षेत्रका कृषक/समूह/सहकारी/फार्म/कम्पनीसँग कार्ययोजना सहितको प्रस्तावना मागको लागि ३० दिने सूचना प्रकाशित गर्ने,

(घ) वार्षिक कार्ययोजना बनाउन प्राविधिक सल्लाह उपलब्ध गराई सहजीकरण गर्ने,

(ङ) कृषक/समूह/सहकारी/फार्म/कम्पनीलाई आवश्यक पर्ने कार्यक्रम सञ्चालनमा आवश्यकता अनुसार सल्लाह, सुझाव र प्राविधिक सेवा टेवा प्रदान गर्ने,

(च) कृषक/समूह/सहकारी/फार्म/कम्पनीको क्षमता अभिवृद्धिका कार्यक्रम सञ्चालन गर्ने,

(छ) कार्यक्रम सञ्चालन गरिएको क्षेत्रमा प्रत्येक चौमासिक वा आवश्यकता अनुसार नियमित रूपमा स्थलगत अनुगमन/निरीक्षण गर्ने,

(ज) कार्यक्रम सञ्चालन एवं प्रवर्धनको लागि सरोकारवाला निकायहरुसँग समन्वय र सहकार्य गर्ने,

(झ) विभिन्न सञ्चार माध्यमहरुबाट जनचेतना मूलक प्रचार प्रसार कार्यक्रमहरु सञ्चालन गर्ने,



सचिव

(ञ) कार्यक्रमको चौमासिक/वार्षिक प्रगति तोकिएको समयभित्र निर्देशनालय तथा मन्त्रालयमा पठाउने।

७. <u>समितिको भूमिका</u> : समितिको भूमिका देहायबमोजिम हुनेछ :-

(क) कार्यक्रम सञ्चालनको लागि स्थलगत प्रमाणीकरणका सूचक तथा फर्मेटहरु तयार गरी प्रमाणित गर्ने,

(ख) आवश्यकता अनुसार प्रस्ताव मूल्याङ्कनको आधारलाई विस्तृतीकरण गर्ने,

(ग) प्राप्त प्रस्तावहरुको मूल्याङ्कन गर्ने,

(घ) स्थलगत प्रमाणीकरणका लागि टोली/कार्यदल गठन गरी जिम्मेवारी दिने,

(ङ) प्रस्तावहरु स्वीकृत गरी नतिजा प्रकाशन गर्ने,

(च) प्रस्ताव स्वीकृत भएको सम्बन्धित प्रस्तावकलाई जानकारी दिने,

(छ) प्रभावकारी रुपमा कार्यक्रम कार्यान्वयन गर्ने,

(ज) कार्यक्रमको अनुगमन, निरीक्षण गरी पृष्ठपोषण प्रदान गर्ने।

८. <u>कृषि व्यवसाय प्रवर्धन सहयोग तथा तालिम केन्द्र र पशु सेवा तालिम केन्द्रको भूमिका</u> : कृषि व्यवसाय प्रवर्धन सहयोग तथा तालिम केन्द्र र पशु सेवा तालिम केन्द्रको भूमिका देहायबमोजिम हुनेछ :-

(क) कार्यक्रम सञ्चालन भएका क्षेत्रका अनुदानग्राहीहरुलाई आवश्यकता अनुसार सम्बन्धित विषयको तालिम सञ्चालन गर्ने,

(ख) कृषि तथा पशुपन्छी पालन तथा उन्नत प्रविधि सम्बन्धी सामग्रीहरु तयार गरी प्रचार प्रसारमा सहयोग गर्ने र

(ग) प्रविधि हस्तान्तरण तथा क्षमता विकासमा टेवा पुर्याउने।

९. <u>निर्देशनालयको भूमिका</u> : कार्यक्रम सञ्चालनमा निर्देशनालयको भूमिका देहायबमोजिम हुनेछ :-

(क) कार्यक्रमको अनुगमन गरी देखिएका कमी कमजोरी हटाउन सम्बन्धित कृषक/कार्यालय तथा अन्य निकायहरुलाई उपयुक्त सुझाव दिने,

(ख) कार्यक्रम कार्यान्वयनको अनुगमन मूल्याङ्कन गरी आईपरेका समस्या समाधानको लागि समन्वय गरी पृष्ठपोषण प्रदान गर्ने,

(ग) चौमासिक/वार्षिक प्रगति समीक्षा गर्ने गराउने र सोको प्रतिवेदन मन्त्रालयमा पठाउने,

(घ) कार्यक्रम सञ्चालन क्षेत्रमा उत्पादित बाली/पशु तथा बाली/पशुजन्य पदार्थहरुको समुचित बजारीकरणका लागि आवश्यक सहयोग गर्ने।

(ङ) बाली/पशु तथा बाली/पशुजन्य पदार्थको उत्पादन तथा बजारीकरण सम्बन्धमा प्रदेशगत तथ्याङ्क अध्यावधिक तथा प्रकाशन गर्ने।



सचिव

१०. <u>मन्त्रालयको भूमिका</u> : कार्यक्रम सञ्चालनमा मन्त्रालयको भूमिका देहायबमोजिम हुनेछ :-

(क) कार्यविधि/निर्देशिका र मापदण्ड स्वीकृत गर्ने,

(ख) कार्यक्रम कार्यान्वयनका लागि समन्वयकारी भूमिका निर्वाह गर्ने,

(ग) मातहतका कार्यालयहरुलाई कार्यक्रम कार्यान्वयनमा सहजीकरण गर्ने,

(घ) कृषि तथा पशुपालन व्यवसायलाई सम्बर्द्धन तथा उपयोगको लागि आवश्यक पर्ने प्रदेश नीति तथा रणनीतिहरु तय गर्ने,

(ङ) विभिन्न निकाय र संघसंस्थाहरुसँग समन्वय गरी कार्यक्रमलाई प्रभावकारी बनाउन सहजीकरण गर्ने,

(च) आवश्यक सरोकारवाला निकायहरुलाई समेत अनुगमनमा सहभागी गराउने,

(छ) कार्यक्रम कार्यान्वयनको अनुगमन मूल्याङ्कन गरी आईपरेका समस्या समाधानको लागि समन्वय गरी अन्तिम निर्णय गर्ने।

## परिच्छेद-३

## बाख्रा तथा बगुंर मिसन कार्यक्रम

११. <u>बाख्रा कार्यक्रम सञ्चालन हुने स्थान:</u> (१) आर्थिक वर्ष २०७६/७७ मा पाल्पा, गुल्मी, अर्घाखाँची, प्यूठान, रोल्पा, पूर्वी रुकुम र बाँके जिल्लामा कार्यक्रम सञ्चालन गरिनेछ।

(२) कार्ययोजना अनुसार सम्पादित कार्यक्रमहरुको प्रगति, उपलब्धि तथा प्रभावकारिता हेरी कार्यक्रमलाई निरन्तरता दिईनेछ। स्वीकृत कार्ययोजनाको कम्तिमा ५० प्रतिशत उपलब्धि हासिल नभएका क्षेत्रहरुका कार्यक्रमलाई निरन्तरता दिईने छैन।

(३) कार्यक्रमको प्रभावकारिताका आधारमा अन्य जिल्लाहरुमा क्षेत्र विस्तार गरिदै लगिनेछ।

(४) क्षेत्र विस्तार गर्दा एउटै क्लष्टर भित्रका फार्महरुलाई प्राथमिकता दिइनेछ।

१२. <u>बाख्रा कार्यक्रम सञ्चालन प्रक्रिया</u> : (१) दफा-२६ को उपदफा (१) मा व्यवस्था भएको समितिबाट सम्भाव्यताको आधारमा अभियानमुखी कृषि क्षेत्र निर्धारण गरिनेछ।

(२) निर्धारित अभियानमुखी कृषि क्षेत्र भित्रका कृषकका लागि कार्यालयले अनुसूची-१ बमोजिमको ढाँचामा ३० दिनको सूचना प्रकाशन गर्नेछ।

(३) अभियानमुखी कृषि क्षेत्र भित्रका ईच्छुक कृषकहरुले अनुसूची-३ बमोजिमको ढाँचामा निवेदन, अनुसूची-५ बमोजिमको ढाँचामा प्रस्ताव र अनुसूची-६ बमोजिमका कागजात सहित प्रस्ताव पेश गर्नुपर्नेछ।

(४) प्रस्ताव छनौट पश्चात स्वीकृत कार्ययोजना बमोजिम अनुसूची-७ अनुसारको करारनामा/सम्झौता गरिनेछ।



सचिव

(५) कार्यक्रम सञ्चालन तथा कार्यान्वयनका लागि सम्झौता गर्दा अनुदानग्राही र कार्यालयको तर्फबाट कार्ययोजना तयार गरी दुवै पक्षको जिम्मेवारी स्पष्ट रुपले तोक्नु पर्नेछ।

(६) कार्यक्रम सञ्चालनमा सम्बन्धित पशु विकास अधिकृतलाई सम्पर्क अधिकृतको रुपमा तोकिनेछ। पशु विकास अधिकृत नभएको अवस्थामा कार्यालय प्रमुखले तोकेको अधिकृतलाई सम्पर्क अधिकृतको रुपमा तोक्न सकिनेछ।

(७) अनुदानग्राहीलाई कूल लागतको पचहत्तर प्रतिशत वा बढीमा रु. २०००००।- (अक्षेरुपी दुई लाख) उपलब्ध हुनेछ।

(८) कार्यक्रम सञ्चालन हुने जिल्लामा ५० वटा अनुदानग्राहीलाई समेटेर कार्यक्रम सञ्चालन हुनेछ।

(९) प्रत्येक अनुदानग्राहीले २५ वटा वा सोभन्दा बढी माउ बाख्रा पालेको हुनुपर्नेछ।

(१०) कार्यक्रम सञ्चालन पछि अनुदानग्राहीले ५० प्रतिशत भन्दा बढी माउ बाख्रा बृद्धि गरेको अवस्था तथा अन्य क्रियाकलापहरुको प्रगति सूचकका आधारमा दोस्रो तथा तेस्रो आर्थिक वर्षमा बढीमा ५० प्रतिशत अनुदान रकम उपलब्ध गराउन सकिनेछ।

१३. <u>कार्यक्रम व्यवस्थापन समितिः</u> (१) कार्यक्रम व्यवस्थापन गर्न देहायबमोजिमको पाँच सदस्यीय कार्यक्रम व्यवस्थापन समिति रहनेछः-

| | | |
|---|---|---|
| प्रमुख | भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र | संयोजक |
| प्रमुख वा प्रतिनिधि | प्रदेश/कोष तथा लेखा नियन्त्रक कार्यालय | सदस्य |
| अधिकृत (कृषि हेर्ने) | जिल्ला समन्वय समितिको कार्यालय | सदस्य |
| अधिकृत प्रतिनिधि | कृषि ज्ञान केन्द्र, | सदस्य |
| पशु विकास अधिकृत | पशु विकास तथा प्रविधि प्रसार शाखा | सदस्य सचिव |

(२) समितिले आवश्यकता अनुसार बढीमा तीन जना विषय विज्ञलाई आमन्त्रित सदस्यको रुपमा बोलाउन सक्नेछ।

(३) प्राप्त प्रस्तावहरुको प्रारम्भिक छनौट र स्थलगत प्रमाणीकरणको आधारमा समितिले अनुसूचि-८ बमोजिमको ढाँचामा मूल्याङ्कन गर्नेछ।

१४. <u>बाख्रा कार्यक्रम छनौटका आधारहरुः</u> अनुदानग्राहीको छनौटका आधारहरु देहायबमोजिम हुनेछन्:-

(क) कम्तिमा २५ वटा माउ बाख्रा पालन गरी सम्बन्धित स्थानीय तहमा दर्ता भएको हुनुपर्नेछ।

(ख) पहाडको हकमा कम्तिमा ५ रोपनी र तराईको हकमा कम्तिमा ८ कठ्ठामा घाँसखेती (हिउदे, बर्षे, बहुबर्षे तथा डालेघाँस) भएको क्षेत्र हुनुपर्नेछ।

(ग) खोर निर्माणको लागि प्राविधिक दृष्टिकोणवाट उपयुक्त ठाउँ हुनुपर्नेछ।



सचिव

(घ) जैविक सुरक्षा (Bio-Security) का उपायहरु अवलम्वन गरेको हुनुपर्नेछ।

(ङ) संक्रामक रोग विरुद्धको खोप अनिवार्य लगाएको हुनुपर्नेछ।

(च) वर्षमा दुई पटक आन्तरिक तथा वाह्य परजिवी विरुद्ध ड्रेन्चिङ्ग गराउनु पर्नेछ।

(छ) कार्यक्रममा समावेश भएका फार्महरुले पशु बिमा अनिवार्य गरेको हुनुपर्नेछ।

१५. <u>बाख्रा कार्यक्रममा उपलव्ध गराईने अनुदान रकम</u> : (१) प्रथम वर्ष प्राप्त अनुदान रकमबाट स्वीकृत कार्ययोजना अनुसार निम्न शीर्षकहरुमा खर्च गर्नुपर्नेछ :-

(क) खोर निर्माण तथा सुधार (खोर, टाट्नो निर्माण, घाँस खुवाउने खुल्ला क्षेत्र),

(ख) मेशिनरी औजार/उपकरण खरिद (डिजिटल वईङ्ग व्यालेन्स, ड्रेन्चिङ्ग गन, च्यापकटर, डिपिङ्ग टयाङ्क आदि),

(ग) पशु आहारा (डाले तथा भुई घाँस तथा बीउ वेर्नाहरु),

(घ) होडिङ्ग वोर्ड, सार्वजनिक सुनुवाई लगायत,

(ङ) पशु स्वास्थ्य (खोप, परजीवी नियन्त्रण),

(च) नश्लसुधार (बोका खरिद)।

(२) दोस्रो र तेश्रो वर्ष प्राप्त अनुदान रकमबाट देहायबमोजिमको शीर्षकहरुमा खर्च गर्नुपर्नेछः-

(क) स्वास्थ्य व्यवस्थापन,

(ख) आहारा व्यवस्थापन(साईलेज, हे, मिनरल ब्लक),

(ग) पूर्वाधार विकास तथा बजारीकरणका कार्यक्रमहरु (खोर, टाट्नो निर्माण, सङ्कलन केन्द्र, ढुवानीको साधन, आदि)

(घ) अन्य क्रियाकलापहरु थप गर्नु परेमा कार्ययोजनामा संलग्न गरी स्वीकृति पश्चात गर्न सकिने,

(ङ) कार्यालयसँग समन्वय गरी आफ्नो क्षेत्रको आसपासमा रहेका अन्य बाख्रा पालक कृषकहरुलाई स्थलगत बाख्रापालन तालिम उपलब्ध गराउने,

(च) पशु स्वास्थ्य अन्तर्गत फार्मको आसपासमा रहेका अन्य फार्महरुका बाख्राहरुलाई समेत अनिवार्य खोप लगाउनु पर्नेछ।

१६. <u>बंगुर कार्यक्रम सञ्चालन हुने स्थानः</u> (१) यो कार्यक्रम आर्थिक वर्ष २०७६/७७ मा रुपन्देही, नवलपरासी, बर्दिया र दाङ्ग गरी ४ जिल्लामा सञ्चालन गरिनेछ।

(२) कार्ययोजना अनुसार सम्पादित कार्यक्रमहरुको प्रगति, उपलब्धि तथा प्रभावकारिता हेरी कार्यक्रमलाई निरन्तरता दिईनेछ। स्वीकृत कार्ययोजनाको कम्तिमा ५० प्रतिशत उपलब्धि हासिल नभएका क्षेत्रहरुका कार्यक्रमलाई निरन्तरता दिईने छैन।

(३) कार्यक्रमको प्रभावकारिताका आधारमा अन्य जिल्लाहरुमा क्षेत्र विस्तार गरिदै लगिनेछ।



सचिव

(४) क्षेत्र विस्तार गर्दा एउटै क्लष्टर भित्रका फार्महरुलाई प्राथमिकता दिइनेछ।

१७. <u>बंगुर कार्यक्रम सञ्चालन प्रक्रिया</u> : (१) व्यावसायिक रुपमा बंगुरपालन गर्दै गरेका र व्यावसायिकताको स्तर भविष्यमा अझै वृद्धि हुने सम्भावना भएका सम्बन्धित काममा दक्ष निजी फार्म/समूह/सहकारीलाई कार्यक्रममा संलग्न गराइनेछ।

(२) कार्यक्रम सञ्चालन गर्न व्यावसायिक बंगुर फार्म/समूह/सहकारीलाई निम्न ३ प्रकारमा वर्गिकृत गरिनेछः-

(क) **मल्टिप्लिकेसन हर्डः** यस कार्यक्रम प्रयोजनको लागि कम्तिमा एक वर्षदेखि सरकारी निकायमा दर्ता भई बंगुरपालन गरिरहेको र पाठापाठी उत्पादन (Breeding) का लागि कम्तिमा १५ वटा प्रजनन् योग्य माउ बंगुर पालन गरेको हुनुपर्नेछ।

(ख) **फ्याटेनिङ्ग हर्ड (मासु उत्पादन)ः** यस कार्यक्रम प्रयोजनको लागि कम्तिमा एक वर्षदेखि बंगुरपालन गरिरहेको र मासु उत्पादनका लागि कम्तिमा १५ वटा बंगुर २ वर्षमा ३ लट मासुको लागि बिक्री योग्य बंगुर पालन गरेको हुनुपर्नेछ।

(ग) **पिगलेट फर्मः** यस कार्यक्रमको प्रयोजनको लागि कम्तिमा एक वर्षदेखि बंगुरपालन गरिरहेको र पाठा पाठी उत्पादन (Breeding) का लागि कम्तिमा ५ वटा माउ बंगुरपालन गरेको हुनुपर्नेछ।

(३) दफा-२६ को उपदफा (१) बमोजिमको समितिबाट सम्भाव्यताको आधारमा क्षेत्र निर्धारण भए पश्चात अनुसूची-१ बमोजिमको ढाँचामा कार्यालयले सूचना प्रकाशन गर्नेछ।

(४) छनौट भएका क्षेत्रका ईच्छुक कृषकले अनुसूची-३ बमोजिमको ढाँचामा निवेदन, अनुसूची-५ बमोजिमको ढाँचामा प्रस्ताव र अनुसूची-६ बमोजिमको कागजातहरु सहित प्रस्ताव पेश गर्नुपर्नेछ।

(५) प्रस्ताव पेश गर्दा एकवटा मल्टिप्लिकेसन हर्डसँग नजिकका एकवटा फ्याटेनिङ्ग हर्ड र पाँचवटा प्रस्तावित पिगलेट फार्म मिलेर एक समूह बनाई अनुसूची-५ बमोजिमको ढाँचामा कार्ययोजना बनाई संयुक्त रुपमा पनि प्रस्ताव पेश गर्न सक्नेछन्।

१८. <u>बंगुर कार्यक्रम प्रस्ताव मुल्याङ्कन तथा स्वीकृति</u> : (१) प्राप्त प्रस्तावहरुको प्रारम्भिक छनौट र स्थलगत प्रमाणीकरणको आधारमा समितिले अनुसूचि-८ बमोजिमको ढाँचामा मूल्याङ्कन गर्नेछ।

(२) छनौट भएका प्रस्तावकसँग अनुसूची-७ बमोजिमको ढाँचामा स्वीकृत कार्ययोजना अनुसार सम्झौता गरी कार्यान्वयन प्रक्रिया अगाडी बढाईनेछ।

१९. <u>बंगुर कार्यक्रम अनुदान रकमको उपयोग</u> : (१) अभियानमुखी कृषि कार्यक्रममा अनुदानग्राहीले कूल रकमको २५% लगानी गर्नुपर्नेछ।



सचिव

(२) मल्टिप्लिकेसन हर्ड सुदृढीकरणको लागि प्रति फार्म बढीमा रु. ३,००,०००।- (अक्षेरुपी तीन लाख) फ्याटेनिङ्ग हर्ड सुदृढीकरणको लागि प्रति फार्म रु. २,००,०००।-(दुई लाख) र पिगलेट फार्म सुदृढीकरणको लागि प्रति फार्म रु. १,५०,०००।– (एक लाख पचास) का दरले अनुदान रकम उपलब्ध हुनेछ।

(३) अभियानमुखी कृषि कार्यक्रम फलोअप सहित लगातार ३ बर्षसम्म सञ्चालन हुनेछ। स्वीकृत कार्ययोजना र क्रियाकलापहरुको प्रगति सूचकका आधारमा दोस्रो तथा तेस्रो आर्थिक वर्षमा बढीमा ५० प्रतिशत अनुदान रकम उपलब्ध गराउन सकिनेछ।

(४) यस कार्यक्रमबाट उपलब्ध गराईने रकम प्रस्तावित फार्मले आवश्यकता अनुसार खोर सुधार तथा जैविक सूरक्षा, गोबरग्यास प्लाण्ट निर्माण, हर्ड हेल्थ प्याकेजका लागि साथै फिड सप्लिमेण्ट, भिटामिन, खनिज, दाना उत्पादन गर्ने ग्रेण्डर मिक्चर मेसिन, पिग क्याच होल्डर, टिट कटिङ्ग मेसिन तथा खर्च भएर नजाने अन्य सामग्री तथा उपकरण, उन्नत नश्लको भाले खरिद र मासु पसल निर्माण सुधारमा खर्च गर्न सकिनेछ।

(५) अनुदान रकमबाट माउ बंगुर, पाठापाठी र दाना खरिद गर्न पाइने छैन।

(६) सहकारीहरुले दफा १७ को उपदफा (२) को कार्यक्रमहरु प्याकेजको रुपमा सञ्चालन गर्नुपर्नेछ।

(७) छनौट भएका फार्मको आसपासमा रहेका अन्य फार्महरुका बंगुरहरुलाई समेत स्वाइन फिवर खोप लगाउने व्यवस्था गर्नुपर्नेछ।

२०. <u>बाख्रा/बंगुर कार्यक्रमको भुक्तानी प्रक्रिया</u> : (१) साझेदारले काम सम्पन्न गरी भुक्तानीको लागि देहायबमोजिमका कागजातहरु संलग्न राखी कार्यालयमा निबेदन पेश गर्नुपर्नेछः

(क) निवेदन, स्वीकृत कार्ययोजना र सम्झौताको प्रतिलिपि,

(ख) संरचना निर्माणको हकमा प्राविधिक लागत अनुमान, नक्सा, नापी किताब, रनिङ्ग/अन्तिम बिल, कार्यसम्पन्न प्रतिवेदन,

(ग) सामग्रीहरु खरिद गरेको सक्कल बिल भरपाई,

(घ) तयार गरिएको संरचना, उपकरण लगायतको फोटोहरु,

(ङ) निर्णयहरुको प्रतिलिपि,

(च) सार्वजनिक सुनुवाईको निर्णयको प्रतिलिपि,

(छ) स्थानीय तहको सिफारिस।

(२) माथि उल्लेखित कागजात सहित पेश भई आएका निवेदन उपर स्थलगत अनुगमन गरी अनुगमन प्रतिवेदनका आधारमा साझेदारलाई एकाउण्ट पेयी चेक मार्फत रकम भुक्तानी गरिनेछ।



सचिव

(३) प्रस्ताव स्वीकृत भएका अनुदानग्राहीहरुले कार्ययोजना र सम्झौता अनुसार कार्यक्रम सम्पन्न नगरी प्राप्त अनुदानलाई दुरुपयोग गरेको पाइएमा प्रचलित कानूनबमोजिम कारवाही गरी सरकारी बाँकी सरह असुल उपर गरिनेछ।

## परिच्छेद-५

## लसुन/प्याज तथा कागती/सुन्तला मिसन कार्यक्रम

२१. कार्यक्रम सञ्चालन हुने स्थानः (१) प्रथम वर्षमा कागती/सुन्तला मिसन कार्यक्रम अर्घाखाँची, गुल्मी, पाल्पा, प्यूठान, रोल्पा र रुकुम गरी ६ जिल्लामा सञ्चालन गरिनेछ भने लसुन/प्याज मिसन कार्यक्रम नवलपरासी पश्चिम, रुपन्देही, कपिलबस्तु, दाङ्ग, बांके र बर्दिया गरी ६ जिल्लामा सञ्चालन गरिनेछ।

(२) कार्ययोजना अनुसार सम्पादित कार्यक्रमहरुको प्रगति, उपलब्धि तथा प्रभावकारिता हेरी कार्यक्रमलाई निरन्तरता दिईनेछ। स्वीकृत कार्ययोजनाको कम्तिमा ५० प्रतिशत उपलब्धि हासिल नभएका क्षेत्रहरुका कार्यक्रमलाई निरन्तरता दिईने छैन।

(३) कार्यक्रमको प्रभावकारिताका आधारमा अन्य जिल्लाहरुमा क्षेत्र विस्तार गरिदै लगिनेछ।

(४) क्षेत्र विस्तार गर्दा एउटै क्लष्टर भित्रका फार्महरुलाई प्राथमिकता दिइनेछ।

(५) कार्यक्रम तीन बर्षसम्म लगातार सञ्चालन गरिनेछ।

२२. अभियानमुखी कृषि क्षेत्र छनौटका आधारहरुः (१) अभियानमुखी कृषि क्षेत्र छनौटका आधार र प्राथमिकता देहायबमोजिम हुनुपर्नेछ :-

(क) दफा-२६ को उपदफा (१) बमोजिमको समितिबाट सम्भाव्यताको आधारमा अभियानमुखी कृषि क्षेत्र निर्धारण गरिनेछ। यस्ता सम्भाव्य क्षेत्रहरु छनौट गर्दा सिंचाइ सुविधा भएको र लसुन प्याज तथा कागती सुन्तलाको व्यावसायिक खेतिको सम्भावना भएको वा हुने गरेको क्षेत्रलाई प्राथमिकता दिनु पर्नेछ।

(ख) जग्गा भाडामा लिई खेती गर्दै गरेको भए लसुन/प्याजको हकमा न्यूनतम ५ वर्ष र कागती/सुन्तलाको हकमा न्यूनतम १५ वर्ष अवधिको जग्गाधनीसँग करार/सम्झौता भएको हुनुपर्नेछ।

(ग) अभियानमुखी कृषि क्षेत्र चक्लाबन्दी भएको वा एउटै क्लष्टरमा रहेकोलाई प्राथमिकता दिईनेछ।

(घ) एउटा क्षेत्रमा एकै किसिमको बालीको जात तथा उन्नत प्रविधि अपनाई खेती लगाउनेलाई प्राथमिकता दिईनेछ।

(ङ) शुन्य खनजोतमा गरिने लसुन खेतिलाई प्राथमिकता दिईनेछ।

(च) लक्षित वर्गमा महिला, दलित, जनजाती, विपन्न एवं पछाडि परेका वर्ग तथा क्षेत्रलाई प्राथमिकता दिइनेछ।



सचिव

(२) अभियानमुखी कृषि क्षेत्र सञ्चालनको लागि देहायबमोजिमको मापदण्ड हुनेछः-

| अभियानमुखी प्याज खेती कार्यक्रमको लागि मापदण्डः | | | | कैफियत (अनुदान उपलब्ध हुने कृयाकलाप) |
|---|---|---|---|---|
| सि.नं. | विवरण | कार्यक्रमको लागि न्यूनतम क्षेत्रफल (कठ्ठा) | अधिकतम अनुदान रकम रु | |
| १ | कृषक एकल वा संयुक्त | ३० | एक लाख | बीउ, भण्डारण, सिंचाई तथा अन्य खेती कार्यको लागि प्रयोग हुने उपकरण खरिद |
| २ | कृषि फार्म तथा निजी उद्यमी/कम्पनी | ६० | दुई लाख | |
| ३ | कृषक समूह/ कृषि सहकारी | ३०० | दस लाख | |
| (क) अभियानमुखी लसुन खेती कार्यक्रमको लागि मापदण्डः | | | | |
| सि.नं. | विवरण | कार्यक्रमको लागि न्यूनतम क्षेत्रफल (कठ्ठा) | अधिकतम अनुदान रकम रु | |
| १ | कृषक एकल वा संयुक्त | ३० | एक लाख | बीउ, भण्डारण, सिंचाई तथा अन्य खेती कार्यको लागि प्रयोग हुने उपकरण खरिद |
| २ | कृषि फार्म तथा निजी उद्यमी/कम्पनी | ६० | दुई लाख | |
| ३ | कृषक समूह/ कृषि सहकारी | ३०० | दस लाख | |
| (ख) अभियानमुखी कागती सुन्तला कार्यक्रमको लागि मापदण्डः | | | | |
| सि.नं. | विवरण | कार्यक्रमको लागि न्यूनतम क्षेत्रफल (रोपनी) | अधिकतम अनुदान रकम रु | |
| १ | कृषक एकल वा संयुक्त | २० | एक लाख | बिरुवा, भण्डारण, सिंचाई तथा अन्य खेती कार्यको लागि प्रयोग हुने उपकरण खरिद |
| २ | कृषि फार्म तथा निजी उद्यमी/कम्पनी | ४० | दुई लाख | |
| ३ | कृषक समूह/ कृषि सहकारी | २०० | दस लाख | |

(३) अनुदानग्राहीले बढीमा तीनवटा क्लष्टर बनाई कार्यक्रम सञ्चालन गर्न सक्नेछन्। प्रति कलष्टर कम्तिमा १ हेक्टर क्षेत्रफल जग्गामा बढीमा तीन जनाले पनि यस कार्यक्रममा भाग लिन सक्नेछन्।

२३. <u>कार्यक्रम सञ्चालन प्रक्रिया</u> : (१) अनुदानग्राहीले स्वीकृत बजेटको दश प्रतिशत रकम कार्यालयको समन्वयमा प्रविधि विस्तार तथा प्राविधिक सेवा खरिद अन्तर्गत बिशेषज्ञबाट तालिम, माटो जाँच, प्लान्ट क्लिनिक, शिविर सञ्चालन, बाली कटानी (क्रप कटिङ्ग) आदि कार्यक्रमको लागि खर्च गर्न सक्नेछ।



सचिव

(२) कार्यालयले दफा-२६ को उपदफा (१) बमोजिमको समितिले छनौट गरेको कृषि क्षेत्रको लागि अनुसुची-२ बमोजिमको ढाँचामा ३० दिने सूचना प्रवाह गरी प्रस्ताव आह्वान गर्नेछ।

(३) आवेदकले अनुसूची-३ बमोजिमको ढाँचाको निवेदन, अनुसूची-४ बमोजिमको ढाँचामा प्रस्ताव र अनुसूची-६ बमोजिमको कागजातहरु सहित प्रस्ताव पेश गर्नुपर्नेछ।

(४) कार्यक्रम सञ्चालन हुने स्थानको स्थलगत प्रमाणीकरणको लागि सम्बन्धित सम्पर्क अधिकृतको संयोजकत्वमा तीन सदस्यीय कार्यदल गठन गरीनेछ।

(५) कार्यदलले प्रारम्भिक मूल्याङ्कन तथा स्थलगत प्रमाणीकरणका सूचकहरु र भौगोलिक तथा प्राविधिक सम्भाव्यताका आधारमा अभियानमुखी कृषि क्षेत्रको प्राथमिकताक्रम तोकी कार्यक्रम सञ्चालन गर्न योग्य अनुदानग्राहीहरुको सूची तयार गरी सिफारिस गर्नुपर्नेछ।

२४. <u>कार्यक्रम व्यवस्थापन समिति</u>ः (१) कार्यक्रम व्यवस्थापन गर्न देहायबमोजिमको पाँच सदस्यीय कार्यक्रम व्यवस्थापन समिति रहनेछ :-

| | | |
|---|---|---|
| प्रमुख, | कृषि ज्ञान केन्द्र | संयोजक |
| प्रमुख वा प्रतिनिधि, | प्रदेश/कोष तथा लेखा नियन्त्रक कार्यालय | सदस्य |
| अधिकृत (कृषि हेर्ने), | सम्बन्धित जिल्ला समन्वय समिति | सदस्य |
| संयोजक, | खरिद ईकाइ, कृषि ज्ञान केन्द्र | सदस्य |
| सम्पर्क अधिकृत, | कृषि ज्ञान केन्द्र | सदस्य सचिव |

(२) समितिले आवश्यकता अनुसार बढीमा तीन जना विषय विज्ञलाई आमन्त्रित सदस्यको रुपमा बोलाउन सक्नेछ।

(३) समितिले अनुसुची-९ को मापदण्डको आधारमा दफा २३ को उपदफा (४) बमोजिम गठित कार्यदलले सिफारिस गरेको प्रस्तावहरुको औचित्यका आधारमा विनियोजित बजेटको परिधि भित्र रही अनुदानग्राही छनौट गर्नेछ।

(४) अनुदानग्राही छनौट पश्चात स्वीकृत कार्ययोजना बमोजिम अनुसूची-७ को ढाँचामा करारनामा/सम्झौता गरिनेछ। छनौट भएका कार्यक्रमहरु सोही आर्थिक वर्ष भित्र पूरा हुनुपर्नेछ।

(५) कार्यक्रम सञ्चालन तथा कार्यान्वयनका लागि स्वीकृत कार्ययोजना बमोजिम सम्झौता गर्दा अनुदानग्राही र कार्यालयको जिम्मेवारी तोक्नु पर्नेछ।

(६) कार्यक्रम सञ्चालनमा सम्बन्धित वागवानी विकास अधिकृतलाई सम्पर्क अधिकृतको रुपमा तोकिनेछ। वागवानी विकास अधिकृत नभएको अवस्थामा कार्यालय प्रमुखले सम्पर्क अधिकृत तोक्न सक्नेछ।

(७) अभियानमुखी कागती सुन्तलाको हकमा बगैंचाको रेखाङ्कन चित्र (LAYOUT) पेश गरी सोही अनुसारको बगैंचा स्थापना गर्नुपर्नेछ।



सचिव

२५. <u>भुक्तानी प्रक्रियाः</u> (१) अभियानमुखी (लसुन/प्याज र कागती/सुन्तला मिसन) कार्यक्रम दफा २२ को उपदफा (२) मा निर्धारित मापदण्ड अनुसार अनुदान रकम प्रवाह गरिनेछ।

(२) कार्यक्रमको लागि दश प्रतिशत रकम कार्यालयको समन्वयमा प्रविधि विस्तार तथा प्राविधिक सेवा खरिद कार्यक्रमका लागि भुक्तानी गरिनेछ।

(३) अभियानमुखी (लसुन/प्याज, कागती/सुन्तला मिसन) कार्यक्रम अन्तर्गत स्वीकृत कार्ययोजना बमोजिमका क्रियाकलाप सञ्चालन गरी अनुदान प्रवाह गरिनेछ।

(४) कार्यक्रमबाट उपलब्ध हुने अनुदान रकम कार्य प्रगतिका आधारमा बढिमा दुई किस्तामा उपलब्ध गराइनेछ।

(५) कूल आयोजनाको पचास प्रतिशत भन्दा बढी काम सम्पन्न भएपछि स्वीकृत रकमको पचास प्रतिशत र सबै काम सम्पन्न भई कार्यसम्पन्न प्रतिवेदन प्राप्त भएपछि बाँकी रकम उपलब्ध गराइनेछ।

(६) काम सम्पन्न गरी भुक्तानीको लागि देहायबमोजिमका कागजातहरु संलग्न राखी कार्यालयमा निवेदन पेश गर्नुपर्नेछः-

(क) निवेदन, स्वीकृत कार्ययोजना र सम्झौताको प्रतिलिपि,

(ख) संरचना निर्माणको हकमा प्राविधिक लागत अनुमान, नक्सा, नापी किताप, रनिङ्ग/अन्तिम बिल, कार्यसम्पन्न प्रतिवेदन,

(ग) सामग्रीहरु खरिद गरेको सक्कल बिल भरपाई,

(घ) तयार गरिएको संरचना, उपकरण, खडा बाली (STANDING CROPS) लगायतको फोटोहरु,

(ङ) निर्णयहरुको प्रतिलिपि,

(च) सार्वजनिक सुनुवाईको निर्णयको प्रतिलिपि,

(छ) स्थानीय तहको सिफारिस।

(७) माथि उल्लेखित कागजात सहित पेश भई आएका निवेदन उपर स्थलगत अनुगमन गरी अनुगमन प्रतिवेदनका आधारमा साझेदारलाई एकाउण्ट पेयी चेक मार्फत रकम भुक्तानी गरिनेछ।

(८) प्रस्ताव स्वीकृत भएका अनुदानग्राहीहरुले कार्ययोजना र सम्झौता अनुसार कार्यक्रम सम्पन्न नगरी प्राप्त अनुदानलाई दुरुपयोग गरेको पाइएमा प्रचलित कानूनबमोजिम कारवाही गरी सरकारी बाँकी सरह असुल उपर गरिनेछ।



सचिव

## परिच्छेद-४
## अभियानमुखी कृषि क्षेत्र छनौट

२६. अभियानमुखी कृषि क्षेत्र छनौट समिति : (१) सम्भाव्य अभियानमुखी कृषि क्षेत्र छनौट गर्न जिल्लामा देहायबमोजिमको अभियानमुखी कृषि क्षेत्र समिति गठन हुनेछः-

| | | |
|---|---|---|
| प्रमुख, | जिल्ला समन्वय समिति | संयोजक |
| अध्यक्ष/प्रतिनिधि, | जिल्ला उद्योग वाणिज्य संघ | सदस्य |
| सदस्य (कृषि हेर्ने), | सम्बन्धित जिल्ला समन्वय समिति | सदस्य |
| अध्यक्ष/प्रतिनिधि, | सम्बन्धित विषयगत उत्पादक कृषक समूह/समिति(२ जना) | सदस्य |
| अध्यक्ष/प्रतिनिधि, | स्थानीय कृषि/पशु उपज बजार सञ्चालक समिति | सदस्य |
| कार्यालय प्रमुख, | कृषि ज्ञान केन्द्र/विज्ञ केन्द्र | सदस्य सचिव |

(२) समितिको बैठकमा आवश्यकता अनुसार बढीमा तीन जना विषय विज्ञलाई आमन्त्रित सदस्यको रुपमा बोलाउन सकिनेछ।

(३) यस समितिले सम्भाव्यताको आधारमा कार्यक्रम सञ्चालनको लागि अभियानमुखी कृषि क्षेत्र निर्धारण गर्नुपर्नेछ। यसरी क्षेत्र छनौट गर्दा कार्यक्रममा दोहोरो नपर्ने गरी विगतमा व्यावसायिक उत्पादन क्षेत्रलाई समेत आधार मान्नु पर्नेछ।

(४) कार्यक्रम कार्यान्वयनको सिलसिलामा जिल्लामा आइपरेका समस्या समाधान, समन्वय, सहकार्य र सहयोग गर्नुपर्नेछ ।

(५) कार्यक्रम कार्यन्वयन गरिने सम्वन्धित स्थानीय तहहरुसँग बजेट तथा जनशक्ति व्यवस्थापनमा सहजीकरण गर्नुपर्नेछ ।

## परिच्छेद-५
## कार्यक्रम अनुगमन, प्रतिवेदन र समन्वय

२७. अनुगमन : (१) आफ्नो कार्यक्षेत्र भित्र सञ्चालित अभियानमुखी कार्यक्रमको अनुगमन नियमित रुपमा कार्यालयले गर्नुपर्नेछ।

(२) जिल्लाभित्र रहेका अभियानमुखी कार्यक्रमको मन्त्रालय, निर्देशनालय, स्थानीय तह, कार्यालय र अन्य सरोकारवाला निकायहरुले संयुक्त अनुगमन तथा मूल्याङ्कन गरी सुझाव र सल्लाह दिन सक्नेछन्।

२८. प्रतिवेदन तथा समन्वय : कार्यक्रमको प्रगति विवरण मासिक, चौमासिक र वार्षिक रुपमा कार्यालयले सम्बन्धित निर्देशनालयमा पेश गर्नुपर्नेछ।



सचिव

(२) स्थानीय तहहरुले अभियानमुखी कृषि क्षेत्रमा कार्यक्रमको थप सघनीकरण र विस्तार गर्न चाहेमा प्रदेश सरकारसँग सहकार्य र समन्वय गर्नुपर्नेछ। प्राविधिक समन्वय तथा सहकार्य प्रदेश सरकारबाट गर्न सकिनेछ।

(३) नेपाल सरकार तथा अन्य निकायहरुबाट सञ्चालन हुने बाख्रा तथा बंगुर विशेष कार्यक्रम, प्याज आत्मनिर्भर कार्यक्रम तथा कागती सुन्तलासँग सम्बन्धित कार्यक्रमबाट अनुदान प्राप्त गरेको अनुदानग्राहीलाई यस कार्यक्रमबाट अनुदान रकम उपलव्ध गराईने छैन।

(४) कार्यक्रममा दोहोरोपन नहुने गरी सहकार्य गर्न नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहका सम्बन्धित निकायसँग समन्वय गर्नुपर्नेछ।

## परिच्छेद-६

## विविध

२९. <u>सहयोगी कार्यक्रम</u> : मिसन सञ्चालनको लागि सहयोगी कर्यक्रमबाट कार्यक्रमका बारेमा योजना तर्जुमा, अभिमुखीकरण, कार्यक्रम पृष्ठपोषण, समितिहरुको बैठक सञ्चालन खर्च जस्ता क्रियाकलापहरु सञ्चालन गर्न सकिनेछ।

३०. **कार्यविधिको परिमार्जन**: यस कार्यविधिमा आवश्यकता अनुसार प्रदेश सरकारले संशोधन वा परिमार्जन गर्न सक्नेछ।

३१. प्रचलित कानून लागू हुने: यस कार्यविधिमा भएको व्यवस्था यसै कार्यविधि बमोजिम र अन्य व्यवस्था प्रचलित कानूनबमोजिम हुनेछ।

३२. अन्तिम व्याख्या: यस कार्यविधिको व्याख्यामा द्विविधा भएमा मन्त्रालयले गरेको व्याख्या अन्तिम हुनेछ।

३३. अनुसूचीमा हेरफेर गर्न सक्ने: यस कार्यविधिमा संलग्न अनुसूचीहरुमा मन्त्रालयले आवश्यकता अनुसार हेरफेर गर्न सक्नेछ।



सचिव

अनुसूची-१

(दफा १२ को उपदफा (२) र दफा १७ को उपदफा (३) सँग सम्बन्धित)

प्रस्ताव आव्हानको सूचनाको ढाँचा

(बाखा तथा बंगुर मिसनका लागि)

प्रदेश सरकार

प्रदेश नं. ५

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय

**भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र........**

**प्रस्ताव आव्हानको सूचना**

प्रथम पटक प्रकाशित मिति २०७.../..../..... गते

आ.व.२०७.../... को स्वीकृत वार्षिक कार्यक्रम अनुसार निम्नलिखित कार्यक्रमहरु कृषि तथा पशुपन्छी सम्बन्धी अभियानमुखी (मिसन) कार्यक्रम सञ्चालन कार्यविधि, २०७६ बमोजिम लागत साझेदारीमा कार्य गर्न ईच्छुक .............. ............................ले यो सूचना प्रकाशित भएको मितिले १५ औं दिन सम्म कार्यालय समयभित्र प्रस्ताव दर्ता गर्नुहुन आह्वान गरिन्छ। साथै रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु छनौटका लागि समावेश नहुने व्यहोरा समेत जानकारी गराइन्छ।

| क.स. | कार्यक्रम | संख्या | कुल अनुदान रकम रु |
|---|---|---|---|
| १ | बाखा मिसन तर्फ | | |
| क | व्यवसायिक बाखा फार्म सुदृढीकरण | ५० वटा फार्म | रु.२,००,०००।- प्रति बाखा फार्म |
| २ | बंगुर मिसन तर्फ | | |
| क | मल्टिप्लिकेशन हर्ड फार्म | ८ वटा फार्म | रु.३,००,०००।-प्रति बंगुर फार्म |
| ख | फ्याटेनिङ्ग फार्म | ८ वटा फार्म | रु.२,००,०००।-प्रति बंगुर फार्म |
| ग | पिगलेट फार्म | ४० वटा फार्म | रु.१,५०,०००।-प्रति बंगुर फार्म |



सचिव

अनुसूची-२

(दफा २३ को उपदफा (२) सँग सम्बन्धित)

**प्रस्ताव आव्हानको सूचनाको ढाँचा**

(लसुन/प्याज तथा कागती/सुन्तला मिसनका लागि)

प्रदेश सरकार

प्रदेश नं. ५

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

कृषि विकास निर्देशनालय

कृषि ज्ञान केन्द्र .........

**प्रथम पटक प्रकाशित मितिः .....................)**

चालू आ.व. ........मा यस ज्ञान केन्द्रको स्वीकृत कार्यक्रम अनुसार अभियानमुखी .....................कार्यक्रम संचालन गर्नुपर्ने भएकोले इच्छुक कृषक/फार्म/कम्पनी/समूह/ सहकारी संस्थाले आवश्यक कागजात सहित सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र (मिति.................गते भित्र) यस कार्यालयमा तपशिलको विवरण पेश गरी दर्ता गर्नुहुन सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

तपसिल विवरण

क) .................... कार्यक्रम ख) कार्यक्रम सञ्चालन हुने क्षेत्रः .......... ग) वालीको नाम ..............

घ) अभियान मुखि प्याज/लसुन/कागती/सुन्तला खेती कार्यक्रमको लागि मापदण्डः

| सि.नं. | विवरण | न्यूनतम क्षेत्रफल (कठ्ठा) | अधिकतम अनुदान रकम रु |
|---|---|---|---|
| १ | कृषक एकल वा संयुक्त | ........................ | ........................ |
| २ | कृषि फर्म तथा निजी उद्यमी | ........................ | ........................ |
| ३ | कृषक समूह/ जल उपभोक्ता समिति/ कृषि सहकारी | ........................ | ........................ |

ङ) पेश गर्नुपर्ने कागजातहरु

१. निवेदन फाराम

२. कृषि फार्म/कृषक समूह/कृषि सहकारीहरुको हकमा दर्ता र नवीकरण भएको प्रमाणपत्रको फोटोकपी

३. अनुसूची-४ अनुसारको प्रस्ताव ढाँचा

४. निवेदकको नागरिकता वा परिचय खुल्ने प्रमाण पत्रको फोटोकपी

५. सम्बन्धित स्थानीय तहको सिफारिस पत्र



सचिव

अनुसूची-३

(दफा १२ को उपदफा (३), दफा १७ को उपदफा (४) र दफा २३ को उपदफा (३) सँग सम्बन्धित)

**प्रस्ताव पेश गर्नका लागि दिईने आवेदन-पत्रको ढाँचा**

श्रीमान् कार्यालय प्रमुख ज्यू

भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र/कृषि ज्ञान केन्द्र

....................।

**विषयः प्रस्ताव पेश गरिएको सम्बन्धमा।**

महोदय,

उपर्युक्त विषयमा त्यस कार्यालयको मिति २०७ .../ ... /.... गते का दिन ..........मा प्रकाशित सूचना अनुसार म/हामी निवेदकले ............................ मिसन कार्यक्रम अन्तर्गतको व्यवसायिक बाख्रा फार्म सुदृढीकरण/मल्टिप्लिकेशन हर्ड/फ्याटेनिङ्ग फार्म/पिगलेट फार्म/ अभियानमुखी ................ कार्यक्रम सञ्चालन गर्न इच्छुक भई अनुसूची-६ मा उल्लेख भए अनुसारका कागजातहरु संलग्न राखी यो निवेदन पेश गरेको छु/छौं।

निवेदकः

दस्तखतः

नामः

पदः

समूह/सहकारी/फार्म/कम्पनी/जल उपभोक्ता समितिको नामः

ठेगानाः

मितिः

सम्पर्क नं.:



प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
प्रमाणित

प्रदेश सरकार
प्रदेश नं. ५
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
बुटवल

# अनुसूची-४

(दफा २३ को उपदफा (३) सँग सम्बन्धित)

## अभियानमुखी लसुन/प्याज तथा कागती/सुन्तला उत्पादन कार्यक्रमको प्रस्तावको ढाँचा

### खण्ड (क)

१) आवेदक र सम्पर्क व्यक्ति सम्वन्धी विवरणः

| | |
|---|---|
| आवेदकको नामः | |
| ठेगानाः | |
| दर्ता नं. र मितिः | |
| सदस्य संख्याः | |
| अध्यक्षको नामः | |
| सम्पर्क नं. | |
| अध्यक्षको नागरिकता नं................जिल्ला.......... | |
| जम्मा सदस्य संख्या र सदस्यहरुको विवरण | जम्माः महिलाः पुरुषः<br>दलितः जनजातीः<br>भुमिहिनः मुक्तकमैयाः<br>अन्य.(खुलाउने)..... |
| प्रस्तावित कार्यक्रम स्थल | जिल्लाः<br>स्थानीय तहको नाम...................................<br>वडाः....................टोल.......... |
| संस्थाको स्वामित्वँमा रहेको जमिन | आफ्नै स्वामित्वको ........हे<br>करार/भाडामा............हे |
| खेती गरिने जमिन किसिम | आफ्नै स्वामित्वको<br>करार/भाडाको<br>करार/भाडामा लिएको जग्गाको किसिमः निजी<br>.......सरकारी वा संघ संस्थाको स्वामित्वको..... |

### खण्ड (ख)

### आवेदकको अनुभव तथा हालको पुर्वाधार

**२. पुर्वाधारको वर्तमान अवस्था**

| क .सं. | उत्पादनका विवरण | संख्या | क्षमता | पूर्ण क्षमतामा प्रयोग भएको वा आशिंक रुपमा (%) | कैफियत |
|---|---|---|---|---|---|
| १ | संकलन केन्द्र, गोदाम, टहरा वा अन्य | | | | |



सचिव

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | |
| २ | कृषि मेशिनरी उपकरण | | | | |
| | | | | | |
| | अन्य | | | | |
| | | | | | |

३. उत्पादनमा संलग्न हुने कृषकहरुको विवरण

| क.सं. | कृषकको नाम थर | ठेगाना | बाली | गत बर्ष गरिएको खेति विवरण | | यस बर्ष गरिने खेति विवरण | |
|---|---|---|---|---|---|---|---|
| | | | | क्षेत्रफल (कट्ठा) | उत्पादन (क्विन्टल) | क्षेत्रफल (कट्ठा) | अनुमानित उत्पादन (क्विन्टल) |
| १ | | | | | | | |
| २ | | | | | | | |

४. जनशक्तिः

| किसिम | | संख्या | पुरुष | महिला | जनजाति |
|---|---|---|---|---|---|
| प्राविधिक | पूर्णकालीन | | | | |
| | आशिंक | | | | |
| ब्यवस्थापक | पूर्णकालीन | | | | |
| | आशिंक | | | | |
| श्रमिक | बर्षभरी | | | | |
| | आवश्यकतानुसार | | | | |
| लक्षित बालीको उत्पादन सम्बन्धी तालिम प्राप्त जनशक्ति | | | | | |

## खण्ड (ग)
## प्रस्तावित कार्यको विवरण

५. प्रस्तावित कृयाकलापहरुः

| क .सं. | क्रियाकलाप | संख्या | क्षमता | जम्मा लागत | आवेदको लगानी | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | | निर्माण कार्यको हकमा नक्सा तथा |
| | | | | | | |
| | | | | | | |



सचिव

प्रदेश सरकार
प्रदेश नं. ५
भूमी व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
बुटवल, नेपाल

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | | | लागत अनुमान र सामग्री खरिदको हकमा कोटेशन/लागत अनुमान पेश गर्नु पर्नेछ । |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

६. प्रस्तावित कार्यक्रम माग गर्नको कारण, औचित्य

७. उत्पादित बालीको बजार व्यबस्थापन कसरी गरिनेछ ?

८. प्रस्तावित कार्यका लागि लागि वित्तीय व्यवस्थापन  कसरी गरिनेछ ?

९. प्रस्तावित कार्यबाट लाभान्वित हुने कृषकहरु र अन्य लाभान्वितको संख्या

खण्ड (घ)

१०.जोखिम ब्यवस्थापन:

| जोखिमको तह | सम्भावित जोखिम | जोखिमको तह र व्यापकता | व्यवस्थापन रणनीति |
|---|---|---|---|
| पूर्वाधार निर्माण | | | |
| उत्पादन | | | |
| बजारीकरण | | | |

११.वातावरणिय र सामाजिक ब्यवस्थापन:

| कृयाकलाप | प्रभाव | न्यूनीकरणका उपायहरु | अनुगमनका सूचकहरु | कैफियत |
|---|---|---|---|---|
| पूर्वाधार निर्माण | | | | |
| उत्पादन | | | | |
| बजारीकरण | | | | |

कृषक/फार्म/कम्पनी/कृषक समूह/सहकारी संस्थाको तर्फबाट सही गर्नेको नाम:

पद:

दस्तखत:                     मिति :



सचिव

अनुसूची-५

(दफा १२ को उपदफा (३), दफा १७ को उपदफा (४) र दफा १७ को उपदफा (५) सँग सम्बन्धित)

## कार्यक्रमको प्रस्तावको ढाँचा (बाख्रा तथा बंगुर मिसनका लागि)

कार्यक्रमको नाम: जिल्ला:

गा.पा./न.पा./उ.न.पा.: वडा नं.:

टोल: गाउँ:

फार्मको नाम: सञ्चालकको नाम:

मो.नं/ टे.नं.:

१. व्यवसायको परिचय:

२. उद्देश्यहरु :

३. बाख्रा/बंगुर पालन व्यवसायमा अनुभव:

४. व्यवसाय सञ्चालन गरिने स्थानको संक्षिप्त विवरण:

५. व्यवसाय सञ्चालनका लागि रहेका पूर्वाधारहरु :

६.सहकार्यमा सञ्चालन गरिने प्रस्तावित कार्य विवरण:

| क.सं. | सञ्चालन गरिने क्रियाकलाप | अनुदान रु | निजी लगानी रु. | जम्मा लगानी रु. |
|---|---|---|---|---|
| | | | | |
| जम्मा | | | | |

७. अपेक्षित वार्षिक प्रतिफल

कार्ययोजना पेश गर्ने:

फार्म/कृषकको नाम : सम्पर्क नम्वर:

ठेगाना: जिल्ला........ गाउँपालिका/नगरपालिका/ उप महानगरपालिका.../वार्ड न. ....टोल...

बाख्रा/बंगुर पालन गरिने स्थान:

८. जनशक्ति:

| किसिम | | संख्या | पुरुष | महिला | जनजाति |
|---|---|---|---|---|---|
| प्राविधिक | पूर्णकालीन | | | | |
| | आंशिक | | | | |
| व्यवस्थापकीय | पूर्णकालीन | | | | |



सचिव

प्रदेश सरकार
प्रदेश नं. ५
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
बुटवल, नेपाल

| | | | | | |
|---|---|---|---|---|---|
| | आंशिक | | | | |
| श्रमिक | बर्षभरी | | | | |
| | आवश्यकतानुसार | | | | |
| लक्षित बालीको उत्पादन सम्बन्धी तालिम प्राप्त जनशक्ति | | | | | |

## खण्ड (ग)

## प्रस्तावित कार्यको विवरण

५. प्रस्तावित कृयाकलापहरु:

| क .सं. | क्रियाकलाप | संख्या | क्षमता | जम्मा लागत | आवेदको लगानी | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | | निर्माण कार्यको हकमा नक्सा तथा लागत अनुमान र सामग्री खरिदको हकमा कोटेशन/लागत अनुमान पेश गर्नुपर्नेछ । |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

६. प्रस्तावित कार्यक्रम माग गर्नको कारण, औचित्य

७. उत्पादित बालीको बजार ब्यबस्थापन कसरी गरिनेछ ?

८. प्रस्तावित कार्यका लागि लागि वित्तीय व्यवस्थापन कसरी गरिनेछ ?

९. प्रस्तावित कार्यबाट लाभान्वित हुने कृषकहरु र अन्य लाभान्वितको संख्या

## खण्ड (घ)

### १०.जोखिम व्यवस्थापनः

| जोखिमको तह | संम्भावित जोखिम | जोखिमको तह र व्यापकता | व्यवस्थापन रणनीति |
|---|---|---|---|
| पूर्वाधार निर्माण | | | |
| उत्पादन | | | |
| बजारीकरण | | | |

११.वातावरणिय र सामाजिक ब्यवस्थापनः

| कृयाकलाप | प्रभाव | न्यूनिकरणका उपायहरु | अनुगमनका सूचकहरु | कैफियत |
|---|---|---|---|---|
| पूर्वाधार निर्माण | | | | |



सचिव

प्रदेश सरकार
प्रदेश नं. ५
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

| | | | | |
|---|---|---|---|---|
| उत्पादन | | | | |
| बजारीकरण | | | | |

फार्म/कृषकको तर्फ बाट सही गर्नेको

नाम: पद:

दस्तखत: मिति :

नोट : सहकार्यमा बाखा/बंगुर पालन गर्ने फार्महरुले न्यूनतम २५% रकम बराबरको रकम प्रस्तावित कार्ययोजनामा समावेश गर्नु पर्नेछ।



सचिव

# अनुसूची – ६

(दफा १२ को उपदफा (३), दफा १७ को उपदफा (४) र दफा २३ को उपदफा (३) सँग सम्बन्धित)

## प्रस्ताव पेश गर्दा संलग्न गर्नुपर्ने कागजातहरु

१. अनुसूची-३ अनुसारको ढाँचामा निवेदन

२. नेपाली नागरिकताको प्रतिलिति

३. विस्तृत कार्ययोजना, डिजाइन तथा लागत अनुमान

४. कृषि फार्म/कृषक समूह/कृषि सहकारीहरुको दर्ता प्रमाण-पत्रको प्रतिलिपि

५. जग्गाको स्वामित्व देखिने कागजात

६. स्थायी लेखा नम्बर(PAN)/ मूल्य अभिबृद्धि कर (VAT) दर्ता प्रमाण-पत्रको प्रतिलिपि

७. प्रस्तावकको प्रतिवद्धता-पत्र (साझेदारी रकम, दोहोरो अनुदान उपलब्ध नभएको)

८. सम्बन्धित स्थानीय तहको सिफारिस पत्र

९. शैक्षिक योग्यता, तालिम, अनुभवको प्रमाण-पत्र तथा वैदेशिक रोजगारबाट फिर्ता भएको प्रमाणको प्रतिलिपि



सचिव

प्रदेश सरकार
प्रदेश नं. ५
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
बुटवल, नेपाल

## अनुसूची – ७

(दफा १२ को उपदफा (४), दफा १८ को उपदफा (२) र दफा २४ को उपदफा (४) सँग सम्बन्धित)

### सम्झौता–पत्रको ढाँचा

प्रदेश सरकार, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय प्रदेश नं. ५ को भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र/ कृषि ज्ञान केन्द्र ..........मार्फत सञ्चालन गरिने आ.व. ....... को... ............... कार्यक्रम सञ्चालन गर्न भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र/ कृषि ज्ञान केन्द्र (यस पछि पहिलो पक्ष भनिने), ............... ........ कृषक/फार्म/सहकारीका ............... (पद) श्री/सुश्री/श्रीमती ......................... (यस पछि दोस्रो पक्ष भनिने) बीच मिति .................................. मा तपसिलका शर्तनामाहरु गरी गराई कार्यक्रम सम्पन्न गर्न सम्झौता गरी दियौं/लियौं।

१. दोस्रो पक्षले सम्झौता भएको मितिले ७ दिन भित्र कार्य शुरु गर्नु पर्नेछ।

२. प्रथम पक्षले सुरुमा कार्यक्रम सञ्चालानार्थ स्वीकृत कार्ययोजना अनुसार कार्य सम्पन्न गरी कार्यविधिमा तोकिए बमोजिमका निवेदन, सक्कल बिल भरपाई लगायतका कागजात पेश गरे पश्चात अनुगमन गरी प्रतिवेदनका आधारमा दोस्रो पक्षलाई एसीपेयी चेक मार्फत रकम भुक्तानी दिइनेछ।

३. यस आर्थिक वर्ष .......मा अनुदानग्राहीलाई स्वीकृत कार्ययोजना अनुसारको कूल लागत रु.............(अक्षरुपी................) मध्ये दोस्रो पक्षले रु.............(अक्षरुपी.........) व्यहोर्नु पर्ने र प्रथम पक्षले रु.................. (अक्षरुपी..............) उपलब्ध गराउनेछ।

४. प्रथम पक्षले कार्य प्रगतिको आधारमा ६० प्रतिशत कार्यसम्पन्न पश्चात ५० प्रतिशत र बाँकी ५० प्रतिशत रकँम सम्पूर्ण कार्य सम्पन्न भई सकेपछी भुक्तानी गरिनेछ।

५. स्वीकृत कार्ययोजना बमोजिमका कार्यसम्पन्न पश्चात सञ्चालन तथा मर्मत सम्भार लगायतका सम्पूर्ण कार्यहरुको जिम्मेवारी दोस्रो पक्षको हुनेछ।

६. कार्यक्रम ५ बर्षसम्म नियमित रुपमा सञ्चालन गर्नु पर्नेछ। साथै सम्झौता मुताविकको स्थल स्थानान्तरण गर्नुपर्ने अवस्थामा प्रथम पक्षको लिखित स्वीकृति अनिवार्य रुपमा लिनु पर्नेछ।

७. दोस्रो पक्षले सञ्चालित कार्यक्रम बन्द गरेमा प्रथम पक्षले उपलब्ध गराएको अनुदान रकम प्रचतलित कानून बमोजिम फिर्ता गर्न सक्नेछ।

८. दोस्रो पक्षले कार्यक्रम सञ्चालन गरिएको स्थलमा सबैले देखे स्थानमा कार्यक्रम मुख्य विवरण सहितको होर्डिङ्ग वोर्ड अनिवार्य रुपमा राख्नु पर्नेछ।

९. दोस्रो पक्षले नियमित रुपमा प्रगति विवरण लगायत अन्य तथ्याङ्कहरु प्रथम पक्षलाई अनिवार्य रुपमा उपलब्ध गराउनु पर्नेछ। साथै दोस्रो पक्षले कम्तिमा चौमासिक रुपमा प्रतिवेदन पेश गर्नुपर्नेछ र प्रथम पक्षले माग गरेको अवस्थमा जुनसुकै समयमा विवरण पेश गर्नुपर्नेछ।



सचिव

प्रदेश सरकार
प्रदेश नं. ५
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
बुटवल, नेपाल

१०. दोस्रो पक्षले सम्झौता अनुसारको योजनाको लागि आफनै श्रोत वाहेक अन्य निकायबाट सहयोग, अनुदान आदि प्राप्त गरेको भए स्पष्ट रुपमा कार्यालयलाई जानकारी गराउनु पर्नेछ।

११. प्रथम पक्षको तर्फबाट कुनै पनि समयमा हुने कार्यक्रमको निरीक्षण/अनुगमन/तालिम भ्रमण कार्यमा सहयोग गर्नु दोस्रो पक्षको दायित्व हुनेछ।

१२. कार्यक्रम संचालनको क्रममा आउन सक्ने द्विविधाका विषयमा दुवै पक्षको आपसी सहमति अनुसार हुनेछ।

१३. कार्यक्रमको भुक्तानी माग गर्दा संलग्न फर्मेट अनुसारको विवरण सहित पेश गर्नुपर्नेछ ।

१४. सम्झौतामा उल्लेख हुन छुटेका विषयको हकमा प्रचलित कानून बमोजिम हुनेछ।

नोटः सम्झौताका बुँदाहरु आवश्यकता अनुसार थपघट वा परिमार्जन गर्न सकिनेछ।

| | |
|---|---|
| **दोस्रो पक्षको तर्फबाट** | **प्रथम पक्षको तर्फबाट** |
| हस्ताक्षरः | हस्ताक्षरः |
| नामः | नामः |
| ठेगाना | पदः |
| छापः | कार्यालयको छापः |
| **साक्षी** | **साक्षी** |
| हस्ताक्षरः | हस्ताक्षरः |
| नामः | नामः |
| पदः | पदः |

इति सम्वत .......साल ....... महिना ....गते रोज .... शुभम्

सचिव

## अनुसूची-८

(दफा १३ को उपदफा (३) र दफा १८ को उपदफा (१) सँग सम्बन्धित)

**व्यवसायको कार्ययोजना छनौट गर्दा अपनाईने मूल्याङ्कनका आधार (बाखा तथा बंगुर मिसनका लागि)**

| सि.नं. | द.नं. | फार्म वा व्यक्तिको नाम | ठेगाना | कार्ययोजना (२५) | व्यवसायको सम्भाव्यता/ उपयुक्तता (१०) | शैक्षिक योग्यता (५) | बैदेशिक रोजगारबाट फर्केको (५) | तालिम/ अनुभव प्राप्त (१०) | बाखा/ बंगुरको संख्या (२०) | आहारा व्यवस्थापन (२५) | कुल प्राप्तांक (१००) |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |

कार्यक्रम कार्यान्वयन समितिका पदाधिकारीहरुको

| | | | | |
|---|---|---|---|---|
| नाम थर : | नाम थर : | नाम थर: | नाम थर : | नाम थर : |
| पद : | पद: | पद: | पद : | पद : |
| दस्तखत : | दस्तखत : | दस्तखत: | दस्तखत: | दस्तखत: |

सचिव

अनुसूची-९

(दफा २४ को उपदफा (३) सँग सम्बन्धित)

कार्यक्रमको प्रस्ताव मूल्याङ्कन फाराम (लसुन प्याज तथा कागती सुन्तला मिसनका लागि)

| क्र. सं. | द. नं. | आवेदकको नाम (कृषक / समूह/सहकारी) | ठेगाना | मूल्याङ्कन (१०० पूर्णाङ्कमा गर्ने) | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | कृषक/फार्म/कम्पनी/समूह/ सहकारी संस्था को व्यवसाय प्रतिको अनुभव/तालिम पेश गरेको (२०) | कार्य योजना (४०) | उक्त स्थानमा व्यवसायको सम्भाव्यता उपयुक्तता र क्लष्टरको अवस्था (३०) | वास्तविक लक्षित वर्ग (१०) | कुल प्राप्ताङ्क (१००) |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |

छनौट समितिका पदाधिकारीहरुको नाम, थर, पद, दस्तखत र मितिः

१.

२.

३.



सचिव

प्रदेश सरकार
प्रदेश नं. ५
भूमी व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
बुटवल, नेपाल

## अनुसूची-१०

(दफा २२ को उपदफा (२) सँग सम्बन्धित)

**अभियानमुखी कृषि क्षेत्रका लागि अनुदान मापदण्ड (प्रति हेक्टर लसुन प्याज था कागती सुन्तला मिसनका लागि)**

| क स | विवरण | इकाई | परिमाण | कैफियत |
|---|---|---|---|---|
| १ | प्याज उत्पादन | | | |
| १.१ | वीउ खरिद | केजी | १० | |
| १.२ | जाली सहितको प्लाष्टिक घर | व. मी | २०० | |
| १.३ | पावरटिलर र एसिसरी | वटा | १ | कम्तिमा ५ हेक्टर |
| १.४ | नर्सरीका लागि प्लाष्टिक मल्चिङ्ग २५ माइक्रोन ४ हेमा ट्रायल | व. मी | ३००० | |
| १.५ | मल | केजी | | |
| १.५.१ | प्राङ्गारिक मल (गोठे मल, कम्पोष्ट मल.......) | लमसम | | रु. १५,००० सम्म |
| १.५.२ | यूरिया | केजी | ३६० | |
| १.५.३ | डिएपी | केजी | ४०० | |
| १.५.४ | पोटास | केजी | १३५ | |
| १.६ | विषादि | ली | १५ | |
| १.७ | सुक्ष्म तत्व | केजी | १५ | |
| १.८ | हर्मोन/बृद्धिवर्धक | लस | २००० | |
| १.९ | साना सिंचाई | वटा | १ | |
| १.१० | बजारीकरणका लागि व्याग अनुदान | वट्टा | २५० | |
| २ | लसुन उत्पादन (शुन्य खनजोत सहित) | | | |
| २.१ | केस्रा (Clove) वा पोटी खरिद | केजी | ५०० | |
| २.२ | पावरटिलर र एसिसरी | वटा | १ | |
| २.३ | प्लाष्टिक मल्चिङ्ग २५ माइक्रोन ४ हेमा ट्रायल | व. मी | ३००० | |
| २.४ | मल | केजी | | |



सचिव

प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
प्रदेश नं. ५
नेपाल

| | | | | |
|---|---|---|---|---|
| २.४.१ | प्राङ्गारिक मल (गोठे मल, कम्पोष्ट मल.......) | लमसम | | रु. १५,००० सम्म |
| २.४.२ | यूरिया | | ३६० | |
| २.४.३ | डिएपी | | ४०० | |
| २.४.४ | पोटास | | १३५ | |
| २.४ | विषादि | ली | १५ | |
| २.५ | सुक्ष्म तत्व | केजी | १५ | |
| २.६ | हर्मोन बृद्धिवर्धक | ल स | २००० | |
| २.७ | साना सिंचाई | वटा | १ | |
| २.८ | बजारीकरणका लागि व्याग अनुदान | वटा | २५० | |
| ३ | कागती सुन्तला खेति | | | |
| ३.१ | वगैचा रेखाङ्कन र आवश्यक सामग्री खरिद | आ. अ | | |
| ३.२ | खाडल खन्ने,मलखाद मिसाउने र खाडल पुर्ने | पटक | आ. अ | |
| ३.३ | वेर्ना खरिद र ढुवानी | वटा | ४०० | ढुवानी समेत |
| ३.४ | वेर्ना रोप्ने, टेका दिने र मल्चिङ्ग | पटक | आ. अ | |
| ३.५ | विषादि | ली | १५ | |
| ३.६ | सुक्ष्म तत्व | केजी | १५ | |
| ३.७ | गोठेमल/कम्पोष्ट, युरीया, डि.ए.पी., पोटास आदि | | | प्राविधिकको सिफारिस |
| ३.८ | हर्मोन बृद्धिवर्धक | ल स | २००० | |
| ३.९ | कृषि औजार उपकरण (सिकेचर,आरी र स्प्रेयर) | सेट | १ | |
| ३.१० | थोपा सिंचाई सहित साना सिंचाई | वटा | १ | |



सचिव

प्रदेश सरकार
प्रदेश नं. ५
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

अनुसूची-११

## कार्यक्रमको प्रगति विवरण पठाउने फारामको ढाँचा (लसुन/प्याज तथा कागती/सुन्तला मिसनका लागि)

१. कृषक/फार्म/कम्पनी/समूह/ सहकारी संस्था को नामः
ठेगानाः

२. सञ्चालित व्यवसायको नामः
ठेगानाः

३. आ.व.

४. प्रगति प्रतिवेदन अवधीः चौमासिक/वार्षिक

| क.सं. | कार्य विवरण | ईकाई | लक्ष्य | प्रगति | आई परेका वाधा अड्चनहरु | समाधानको लागि सुझावहरु |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

प्रति ईकाई उत्पादित पदार्थको स्थानीय बजारको विक्रि मूल्यः

१. .......　　२. .......　　३. ....

नामः

दस्तखतः

मितिः

ठेगानाः



सचिव